हेटौंडा उपमहानगरपालिका

# हेटौंडा राजपत्र

खण्ड: ३ | सङ्ख्याः ५ | मितिः २०७६।१२।२३

## भाग-३

# हेटौंडा उपमहानगरपालिकाको कोभिड १९ प्रभावितहरुलाई राहत वितरण कार्यविधि, २०७६

**प्रस्तावनाः**

विश्वमा फैलिएको कोरोना भाइरस अर्थात कोभिड १९ बाट देश लगायत विश्ववनै आतंकीत भइरहेको अहिलेको अवस्थामा हेटौंडा उपमहानगरपालिका पनि अछुतो रहने सम्भावना रहेन। यस रोगलाई फैलिन नदिनको लागि संघिय सरकार बाट लकडाउन गरिएको परिवेशमा हेटौंडा उप-महानगरपालिका क्षेत्र भित्र दैनिक ज्याला मजदुरी गरिखाने र अति गरिब परिवारलाई केहि मात्रामा अस्थाई राहत वितरणको व्यवस्था गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरि हेटौंडा उप-महानगरपालिका नगरकार्यपालिकाले यो कार्यविधि बनाई जारी गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम “हेटौंडा उपमहानगरपालिकाको कोभिड १९ प्रभावितहरुलाई राहत वितरण कार्यविधि, २०७६” रहेको छ।

(२) यो कार्यविधि हेटौंडा उपमहानगरपालिका नगरकार्यपालिकाले पारित गरेको मिति देखि लागि लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

हेटौंडा राजपत्र

क. “कार्यालय” भन्नाले हेटौंडा उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय सम्झनु पर्छ।

ख. “लक्षित वर्ग” भन्नाले हेटौंडा उपमहानगरपालिकामा बसोवास गर्ने दफा ४ मा उल्लेखित वर्गलाई सम्झनु पर्छ।

ग. “उपमहानगरपालिका” भन्नाले हेटौंडा उपमहानगरपालिकालाई जनाउँछ।

घ. “कार्यपालिका” भन्नाले हेटौंडा उप-महानगरपालिका नगरकार्यपालिकालाई सम्झनु पर्छ।

ङ. “कार्यविधि” भन्नाले कोभिड १९ प्रभावितहरुलाई राहत वितरण कार्यविधि २०७६ सम्झनु पर्छ।

३. **लक्षित परिवार छनौट तथा अनुगमन समितिः** (१) उपमहानगरपालिका भित्रका ज्यालादारी तथा अति गरिब परिवार छनौट गर्न र अनुगमन गर्न प्रत्येक वडामा देहाय वमोजिम एक समिति रहनेछ :

| | |
|---|---|
| वडा अध्यक्ष | संयोजक |
| वडा सदस्यहरु र सम्बन्धित वडामा भएका कार्यपालिका सदस्य | सदस्य |
| टोल विकास वडा समन्वय समिति अध्यक्ष | सदस्य |
| वडा सचिव वा वडा अध्यक्षले तोकेको वडा कार्यालयको कर्मचारी | सदस्य सचिव |

(२) छनौट तथा अनुगमन समितिको काम कर्तव्य र अधिकारः

क. लक्षित वर्गको पहिचान गरि उपमहानगरपालिकामा जानकारी गराउने।

ख. संघिय सरकार, प्रदेश सरकार, जिल्ला समन्वय समिति, उपमहानगरपालिका र अनुमति प्राप्त संघ संस्थाबाट प्राप्त राहत सामग्रि वितरण गर्ने।

ग. स्थानिय बासिन्दालाई सुरक्षित लकडाउनमा राख्ने।

घ. आवश्यक परेमा तोकिएको पसल बाट कुपन दिई सामग्री उपलब्ध गराईदिने।

ङ. लक्षित वर्ग छनौटमा कठिनाई भएमा विज्ञको सल्लाह लिने।

च. लकडाउन सम्बन्धि जनचेतना फैलाउने।

छ. राहत प्राप्त गर्ने लाभग्राहीहरुको विवरण पाक्षीक रुपमा सार्वजनिक गर्नु पर्ने।

ज. राहत प्राप्त गर्ने व्यक्ति/परिवारको अभिलेख तयार अनुसुची १ बमोजिम र राहत वितरणको अभिलेख अनुसुची २ बमोजिम तयार गर्नु पर्ने।

४ **लक्षित वर्ग छनौटका मापदण्हरुः-**

क. दौनिक ज्यालादारी गरी जिविकोपार्जन गर्दै आईरहेको हुनुपर्ने।

ख. उपमहानगरपालिका भित्र बसोबास गरी अनौपचारिक क्षेत्रमा मजदुरी गरी रहेको हुनुपर्ने।

ग. घरका परिवारमा राज्य तर्फबाट कुनै सुबिधा वा तलब प्राप्त नभएको हुनुपर्ने।

घ. नियमित आयआर्जनको स्रोत नभएको अति विपन्न हुनुपर्ने।

ङ. अशक्त आवास विहिन भई मन्दिर, आश्रम, धर्मशाला, गुम्बा, मस्जिद र चर्च लगायतका विभिन्न आश्रय स्थलमा आश्रीत व्यक्ती वा परिवार हुनुपर्ने।

५ **राहत वितरणः-** (१) नेपाल सरकारले लक डाउन गरेको अवधि भित्र उपमहानगरपालिका क्षेत्रमा लक्षित वर्गलाई देहाय बमोजिमको राहत वितरण गरिनेछ :

हेटौंडा राजपत्र

चामल १५ केजि
दाल २ केजि
तेल २ लिटर
नुन १ प्याकेट
नुहाउने साबुन ४ वटा

(२) माथी उल्लेखित राहत सामाग्रीहरु वा नगद अन्य व्यक्ति वा संस्थाले प्रदान गर्न चाहेमा उपमहानगरपालिकाको कार्यालय वा मातहतका वडा कार्यालयहरुमा प्रदान गर्न सकिनेछ। जस्लाई राहत कोषमा समावेश गरी यस कार्यविधि बमोजिम एक द्वार प्रणालीले वितरण गरीनेछ।

६ **वितरण विधिः-** वडा कार्यालयहरुले आवश्यकता अनुसार राहत माग गरेपछि उपमहानगरपालिकाले राहत उपलब्ध गराउने र सुरक्षित वितरणको प्रवन्ध वडा कार्यालयले मिलाउने छ।

७ राहत वितरण पश्चात हेटौंडा उपमहानगरपालिकाले अनुसुचि ३ बमोजिम प्रतिवेदन तयार गर्नुपर्ने र आवश्यकता अनुसार संघिय र प्रादेशिक मन्त्रालय वा सम्बन्धित निकायहरुमा पठाउनु पर्नेछ।

८ **कारवाही सम्बन्धी व्यवस्थाः-** यस कार्यविधिमा तोकिएको मापदण्ड पुरा नगरी झुठ्ठा विवरण पेश गरी राहत लिनु दिनु हुदैन लिए दिएमा प्रचलित कानून बमोजिम हुनेछ।

९ **संशोधनः**- यो कार्यविधि संशोधन गर्नु परेमा नगरकार्यपालिकाले संशोधन गर्न सक्ने छ।

१० **बचाउ र खारेजीः**- नेपाल सरकार तथा बागमती प्रदेश सरकारका नितिगत निर्णय अनुसार थप घट गरी राहत प्याकेज बनाई कार्यावन्यन गरिने छ र नेपाल सरकारको लकडाउन घोषणा अवधी सम्म मात्र यो कार्यविधि लागु रहनेछ।

## अनुसुची १

### दफा ३ (२) सँग सम्बन्धित
### राहत प्राप्त गर्ने व्यक्ति/परिवारको अभिलेखको ढाँचा

१ नाम थरः

२ बाबुको नाम थरः

३ ठेगानाः

४ टेलिफोन वा मोवाईल नम्बर (भएमा):-

५ घर धनिको नामः-

६ घर धनिको सम्पर्क नम्वरः-

७ राहत लिने व्यक्तिको स्वघोषणा

म र मेरो परिवारका सदस्यले रोजगारी, स्वरोजगारी वा अन्य कुनै माध्यम बाट आयआर्जन गरेका छैनौं। मैले यस्तो राहत सुविधा दोहोरो लिएको छैन र लिने पनि छैन। माथि पेश गरेको विवरण ठिक साँचो हो झुठा ठहरे प्रचलित कानून वमोजिम सहुँला बुझाँउला।

निवेदकः-
दस्तखतः-
मितिः

| दाँया | बाँया |
|---|---|
| | |

हेटौंडा राजपत्र

## अनुसुची २
## दफा ३ (२) सँग सम्बन्धित
## राहत वितरणको अभिलेखको ढाँचा

हेटौंडा उपमहानगरपालिका

वडा नं..........

राहत वितरणको अभिलेख

| सि. नं. | राहत प्राप्त गर्ने व्यक्तिको नाम | सम्पर्क नम्बर | बावुको नाम | बाजेको नाम | राहतको विवरण | राहत बुझिलिनेको दस्तखत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

राहत वितरण गर्नेको

दस्तखतः-

नाम/थरः-

पदः-

सम्पर्क नः-

हेटौंडा राजपत्र

**अनुसुची ३**

**दफा ७ सँग सम्बन्धित**
**प्रतिवेदनको ढाँचा**

हेटौंडा उपमहानगरपालिका
प्रतिवेदनको ढाँचा

| सि. नं. | राहत प्राप्त गर्ने व्यक्तिको नाम | वडा नं | सम्पर्क नम्बर | बाबुको नाम | बाजेको नाम | राहतको विवरण | मिति | कैफीयत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

निवेदन गर्नेको
दस्तखतः-
नाम/थरः-
पदः-
सम्पर्क नः-

प्रमाणिकरण मितिः २०७६ साल चैत्र महिना २३ गते

**प्रमुख प्रशासकीय अधिकृत**
**गोपाल प्रसाद बगाले**
**हेटौंडा उपमहानगरपालिका**

हेटौँडा राजपत्र